# खार्पूनाथ गाँउपालिकाको

## आर्थिक बर्ष २०८३/०८४

## को निती तथा कार्यक्रम

**२०८३ असार ९ गते**

गाँउसभाको बैठकमा २०८३ साल असार ९ गते मंगलबार दिन गाँउपालिकाका अध्यक्ष श्री कर्ण बहादुर रावल ज्यूले प्रस्तुत गर्नुभएको खार्पुनाथ गाउपालिकाको निति एवं कार्यक्रम

कर्ण बहादुर रावल
अध्यक्ष

**सम्मानित उपाध्यक्ष ,**
**जिल्ला समन्वय समिति सदस्य ,**
**गाँउसभाका सदस्य**
**प्रमुख प्रशासकिय अधिकृत , लगायत सम्पुर्ण कर्मचारी वर्गहरु**
**उपस्थित महानुभावहरु,**
**सुरक्षाकर्मि तथा पत्रकार मित्रहरु,**

१. सर्वप्रथम यस खार्पूनाथ गाँउपालिकाको १९ औ गाउसभा तथा बजेटअधिवेशन तथा गाँउ सभामा आर्थिक बर्ष २०८३।८४ को बार्षिक निति तथा कार्यक्रम पेश गर्दैगर्दा गौरववान्वित ठानेको छु। बार्षिक निति तथा कार्यक्रम तर्जुमाका क्रममा गाँउपालिकालाइ सुझाव दिनुहुने सम्पुर्ण आमा बुवा दाजुभाइ दिदी बहिनी लगाएत सल्लाहकार सवैलाइ हार्दिक आभार सहित खार्पुनाथ गाँउपालिकाको तर्फबाट धन्यवाद व्यक्त गर्दछु।

२. नेपालको संवैधानिक प्रावधान बमोजिम सार्वभौमसत्ता सम्पन्न जनतावाट जनप्रतिनिधिबाट गठन भएको गाउँपालिका गाउँबासीहरुको आधारभूत हक तथा अधिकार प्रति सचेत र सदृश्य रहदै खार्पुनाथ गाउँपालिका**“खार्पुनाथ गाँउपालिकाको सम्वृदीको आधार , कृषि जडीवुटी,पर्यटन र पुर्वाधार”** भन्ने मुल नारा र नेपालको सरकारको दीर्घकालिन सोच, नेपाल सरकारको सोह्रौ योजना, दिगो विकासका लक्ष्य, संघ र प्रदेश सरकारको बजेट तथा प्राथमिकता र गाउँबासीका आधारभूत आवश्यकता पुरा गर्ने अभियानप्रतिपूर्ण प्रतिबद्ध छौ।

३. यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनैतिक अग्रगमन र लोकतन्त्रको सवलिकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहिदहरु तथा यस खार्पुनाथ गाँउपालिकाका पुर्व उपाध्यक्ष श्री स्व. सिन्धु शाही र पुर्व ४ नं वडा अध्यक्ष स्व लोकजंग हमाल प्रति भावपुर्ण श्रद्धानजली व्यक्त गर्दछु ।

**गाउँसभा सदस्यहरू,**
**यस सम्मानित सभा समक्षअब म चालु आ.व २०८२।८३मा भए गरेका उल्लेख्य महत्वपूर्ण उपलब्धीहरु लाई नागरिक समक्षजानकारी गराउन स्थानीय सरकारको दायित्वहो भन्ने ठानेको छु। तसर्थ, यस सम्मानित सभा समक्ष चालु आ.वमा सम्पन्न भएका मुख्य क्षेत्रगत कार्यक्रमहरुको उपलब्धीहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु।**

४. यस आ.व.२०८२।८३ मा १६० वटा आयोजनाहरु छनौट भई १६० वटा सम्झौता भएका छन ६०.वटा आयोजनाहरु सम्पन्न भएका छन र ५ वटा आयोजनाको सम्पन्न हुने चरणमा छन् भने ४९ वटा आयोजनाहरुको पेश्कीनिकासा भई निर्माणकार्य भई रहेको छ।

**कर्ण वहादुर रावल**
**अध्यक्ष**

५. यस आ.व.मा गाउँपालिकाबाट ७६००वटा पशुको मेडिकल उपचार,३०७वटाको वन्ध्याकरण,२२००० वटालाई खोप (एचविक्यु, रानीखेत र रेविज) प्रदान गरिएको छ।

६. यस चालु आ.व मा जम्मा.५८१ जनाको जन्मदर्ता, १०६ जनाको मृत्यु दर्ता, .१४३ जनाको विवाहदर्ता, १६ जनाको बसाइसराई गरि जम्मा २ जनाको सम्वन्ध विच्छेद अनलाईन घटनादर्ता कार्य सम्पन्नभएको छ। साथै, ३७० जनाअन्य जेष्ठनागरिक, ..१२८ जनाअति असक्तअपागं, .३६ जना असहाय एकलमहिला, .३६ जनापूर्ण अपागं, ...८६ जना विधवा महिला, .२३८ जना जेष्ठनागरिक, ८११ जनाबालबालिकागरि जम्मा .१७०५जनालाई सामाजिक सुरक्षा भत्ता वितरण भएको छ।

७. खार्पूनाथ गाउँपालिकाका अन्तर्गत वडा न १ देखी ५ सम्मका बासिन्दाहरूलाई सहजरूपमा खानेपानीको पहुच पुर्याउन वडा नं १ मा ७३ धारा वडा नं २ मा १४ धारा वडा नं ३ मा १०६ धारा वडा नं ४ मा ५४ धारा वडा नं ५ मा २२ खानेपानीका धार निर्माण गरीका छन् साथै २ वटा विध्यालयमा अपाङ्गमैत्रि शौचालय निर्माण गरीएका छन।

८. कृषि विकस तर्फ यस चालु आ.व.मा स्याउ तथा ओखर पकेट कार्यक्रमा वडा नं ४ र ३ मा ओखरका विरूवा ५०० र स्याउका विरूवा १००० वितरण गरियो साथै मैसमी तथा बेमैसमी तरकारी खेतिको लागी १४०० कृषकहरूलाई तरकारीको विउ बितरणका साथै ३०जना लाई फलफुल काँटछाँट सामाग्री वितरण गरियो।

९. प्राकृतिक सौन्दर्यता, साँस्कृतिक विविधता मेहनती र परिश्रमी जनता र भौगोलिक विशिष्टता र सुन्दरता यस गाँउपालिकाको गहनाको रुपमा रहेको छ।कृषि तथा औषधिजन्य जडिबुटीहरु, पर्यटन, जलविद्युत आदि जस्ता विषयमा प्रचुर संभावना बोकेको खार्पूनाथ गाँउपालिका दिगो र समुचित परिचालनको अभावमा अपेक्षित रुपमा सामाजिक साँस्कृतिक आर्थिक विकास हुन सकेको छैन ।यद्यपि उपलब्ध स्रोत साधन र समयको प्रभावकारी प्रयोग गर्दै सकारात्मक सोंच दृढ संकल्प र सामुहिक ईच्छाशक्ति साथ यस खार्पूनाथ गाँउपालिकाको नयाँ भविष्य कोर्ने जिम्मेवारी खार्पूनाथ गाँउपालिकाका जनताहरुले हाम्रो काँधमा सुम्पिएका छन् ।त्यसैले विकसित र समृद्ध खार्पूनाथ गाँउपालिका निर्माण गर्न हामीलाई कुनै वाहानाले छेक्ने छैन।

**गाउँसभा सदस्यहरू,**

अब म आगामीआ.व. २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु र प्राथमिकताहरु निम्नअनुसार निर्धारण गरेको छु।

–नेपालको संविधानको अनुसूचि ८ र ९ ले निर्दिष्ट गरेका स्थानीयतहको एकलतथा साझाअधिकारहरु, मौलिकहकहरु, राज्यको नीतितथानिर्देशक सिद्धान्तहरु,

कर्ण वहादुर रावल
अध्यक्ष

–नेपाल सरकारले प्रतिबद्धताजनाएकादिगो विकासकालक्ष्यका सूचकहरु

–संघीय सरकारले अङ्गीकार गरेको पन्ध्रौ आवधिक योजनाले निर्धारण गरेको लक्ष्य, नीति तथा प्राथमिकताहरु,

–संघीय सरकारले अङ्गीकार गरेका आर्थिक तथा वित्तीय नीतिहरु,

–कर्णालीप्रदेश सरकारले अङ्गीकार गरेका आर्थिक तथा वित्तीय नीतिहरु,

–स्थानीय सरकार सञ्चालन ऐन २०७४ (संसोधन सहित),

–यस गाउँपालिकाको आवधिक योजना निदिष्ट दिर्घकालिन सोच, लक्ष्य र उदेश्यहरु,

–सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत प्राप्त सुझावहरु,

–राजश्व परामर्श समितिको प्रतिवेदन सिफारिस,

–श्रोत तथा बजेट सीमानिर्धारण समितिको श्रोत तथा बजेट अनुमानहरु,

–दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन,

–खाद्य तथा पोषण सुरक्षा,

–लैङ्गिक सशक्तिकरण तथा समावेशी विकास,

–बालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन,

–स्थानीय तहको मध्यकालिन खर्च संरचना MTEF अनुरुप प्राथमिकतामा परेका कार्यक्रमहरु,

**गाउँ सभाका सदस्यहरु**

**अब म खार्पुनाथ गाँउपालिकाको आ व २०८३।८४ को उदेश्य र मुख्य मुख्य नीतिहरु संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।**

**नितिको प्रमुख उदेश्यः-**

१० आर्थिक, सामाजिक,साँस्कृतिक रुपान्तरण गर्दै वेरोजगारी ,भोकमरीको अन्त्य गर्दै शिक्षा, स्वास्थ्य,खानेपानी र भौतिक पूर्वाधारहरुको विकास तथा संस्थागत सुदृढीकरण र सुशासनको अनुभुति गराउदै यस गाँउपालिकालाई विकासको बाटोमा अघि बढाउनु रहेको छ ।

११ यसका लागि कृषि, पर्यटन, जडिबुटी र जलश्रोतको समुचित प्रयोग गरी सडक,पुर्वाधार शिक्षा स्वास्थ्य, खानेपानी र संचारका क्षेत्रमा प्रभावकारी कार्यक्रम बनाई बजेटको सहि परिचालन गरिनेछ ।

**मुख्य नीतिहरु**

१२ खार्पुनाथ गाउँपालिकामा दीगो पुर्वाधार विकास मार्फत पर्यटन पुर्वाधार विशेष जोड दिदै सुन्दर र समृद्ध र पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न विशेष प्राथमिकता दिइनेछ ।

१३ कृषी, पशुपालन र जडिबुटीजन्य उत्पादनक्षेत्रलाई प्राथमिकतामा राखी दिगो स्थानीय अर्थतन्त्र

कर्ण वहादुर रावल
अध्यक्ष

निर्माणको मुल आधार लिई सम्वृद समाज निर्माण गर्ने निति लिईने छ साथै युवा स्वरोजगारका लागि रोजगार बैक स्थापना गर्दै एकिकृत रोजगार कार्यक्रम लागु गरिने छ।

१४ खार्पूनाथ गाँउपालिका भित्र रहेका साना लघु जलविद्युत आयोजनाहरुको संभाव्यता अध्यायन र कार्यान्वियनका लागि संघीय सरकार प्रदेश सरकार तथा अन्य विकास साझेदारहरुसंग समन्वय, सहकार्य र साझदारीको नीति लिईने छ।

१५ समानता र सामाजिक सशक्तिकरणको नितिलाई अबलम्वन गर्दै बालमैत्री, अपाङ्गमैत्री, लैङगिकमैत्री,यूवामैत्रि र पोषणमैत्रि गाँउपालिका निर्माणका लागि पूर्वाधार विकास तथा विभिन्न कार्यक्रमहरु संचालन गर्ने नीति लिईने छ

१६ सार्वजनिक सेवालाई पारदर्शी, जवाफदेही, दिगो र परिणाममुखी बनाउदै नागकिलाई सहज सूचना प्रवाह गर्न आधुनिक संचार प्रविधिको उच्चतम प्रयोग, विकास र विस्तारमा जोड दिइ प्रविधिमैत्री सेवा प्रवाहमा जोड दिईनेछ।

१७ सवैवालवालीका लाई शिक्षाको पहुँचमा ल्याउन एक वडा एक नमुना वालविकास केन्द्रको अवधारणालाइ मुर्तरुप दिदै क्रमश सबै वालविकास केन्द्रलाइ वालवालिकामैत्रि र सुविधा सम्पन्न वनाइदै लगिने नीति लिईने छ।

१८ स्थानीय विकासका लक्ष्य हाँसिल गर्न स्थानीय समुदाय, संघ सस्था, दातृनिकायतथानिजी सँग समन्वय, सहकार्य र साझेदारीको अवधारणा मार्फत स्थानीय विकास निर्माण प्रक्रियामा सह लगानीको नीति अवलम्बन गरिने छ।

**गाउँसभा सदस्यहरु,**

**अब म माथि उल्लेखित समग्र नीतिहरु हाँसिल गर्न यस खार्पूनाथ गाउँपालिकाको आर्थिक वर्ष २०८३।८४ को लागि उप क्षेत्रगत नीति प्रस्तुत गर्न अनुमतिचाहान्छु।**

## आर्थिक विकास तर्फ

### कृषि तथा पशु

१९ खार्पूनाथ गाँउपालिकाको प्रख्यात फलफुल स्याउ ओखर नासपाति तथा रैथानेवाली र नगदे वाली कागुनो मार्स्या कोदो चिनो फापरसिमि भटमास आलु लगायतका फलफुल तथा तरकारी औषधिजन्य जडिबुटीहरुको उत्पादन बृद्धि गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ र रैथानेवालीलाई प्रवर्धन गर्दै बजारिकरणमा जोड दिईने छ।

२० गाउँपालिकका लाई फलफुलमा आत्मनिर्भर वनाउन व्यवसायी फलफुल खेतीलाई प्रोत्साहान गरिने छ।

२१ कृषि जैविकविविधताको संरक्षण सुदृढीकरण गर्न कार्यक्रम संचालन गरिने छ।

**कर्ण वहादुर रावल**
**अध्यक्ष**

२२ उन्नत जातको पशुपालनका लागि नश्ल सुधार तथा कृत्रिम गर्भाधारण कार्यक्रममा जोड दिदै उन्नत जातका बाख्रा भेडा पालन मौरीपालन व्यवसायलाई प्रोत्साहन गरिनेछ र व्यवसीयक भेडापालनलाई प्रोत्साहन गर्न चरन खर्क कार्यक्रम संचालन गरिने छ।

२३ एक वडा एक उत्पादन कार्यक्रमलाइ प्राथमिकता दिइने छ र लसुन प्याज काउली लगायतका तरकारी उत्पादनमा जोड दिइ वेमौसमी तरकारीलाइ आयआर्जन संग जोडिने छ।

२४ **आधु**निक कृषि पद्धतिलाइ प्रचार गरी प्रम्परागत निर्वाहमुखि खेति प्रणालीलाइ सुधार गरिनेछ।

२५ बढ्दै गएको जलवायु परिवर्तन लाइ न्युनिकरण गर्न जैविक विविधता संरक्षण गर्न जलवायु अनुकुलन कार्यक्रम लागु गरिने छ।

२६ खार्पुनाथ गाँउपालिकालाइ हरित तथा तरकारी,फलफुल जोन गाँउपालिका बनाउन विभिन्न साझेदार दातृनिकयको पहल गरिने छ।

२७ पशुपन्छिमा हुने माहामारी र आकस्मीक रोग नियन्त्रण गर्न अभियान संचालन गरिने छ।

**उद्योग तथा वाणिज्य तर्फ**

२८ स्थानीय जडिबुटी तथा कृषि उत्पादनमा आधारित साना तथा घरेलु उद्योगहरुको विकासलाई प्राथमिकता दिइनेछ।

२९ स्थानीय स्तरमा रहेका लघु उद्यमीहरूलाइ वित्तीय पहुँचको लागि आवश्यक पहल गरिनेछ। घरेलु उद्धम शिलता को विकास गर्न लिउ फेरुवा र राडी पाखी तथा अल्लो प्रोसोधन तथा बुनाइ कार्यक्रम लाइ विशेष प्रोत्साहन गरिने छ।

**पर्यटन तर्फ**

३० गाँउपालिकाका सम्भाव्यपर्यटकीय स्थलहरुको पहिचान तथा विकास गरी आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन गरिनेछ। साथै पर्यटकीय गन्तव्यको रुपमा रहेको खार्पूनाथ शिवालय, र दुधेदह, भिमदुला मालिका लाइ पर्यटकीय पूर्वाधार विकास आयोजना मार्फतपर्यटन प्रवर्द्धनमा जोडदिईने छ।

**गाउँसभा सदस्यहरु,**

**अब म सामाजिक विकास तर्फका क्षेत्रगत नीतितथाकार्यक्रम प्रस्तुत गर्न अनुमतिचाहान्छु**

**सामाजिकविकास तर्फ**

**शिक्षा**

कर्ण वहादुर रावल
अध्यक्ष

अ३१ खार्पूनाथ गाँउपालिकाभित्र रहेका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न भौतिक तथा प्राविधिक सुविधाको विस्तार गर्न विद्यालय सुधार अनुदान कार्यक्रम संचालन गरिनेछ।

३२ गरिव असहाय र भौगोलिक हिसावले माध्यमिक तह साधारण र प्राविधिक तथा ब्यवसायिक शिक्षको पहँचमा पुग्न नसकेका वालवालिकाका लागि आवासिय सुविधा सहितको छात्रवास संचालन गरिने छ।

३३ सामुदायिक विद्यालय सुधार कार्यक्रम मार्फत कक्षाकोठा व्यवस्थापन निशुल्क स्यानिटरी प्याड पिउने पानीको प्रबन्ध मिलाइने छ।

३४ वालविकास केन्द्र तथा विद्यालय कर्मचारीको तलवभत्तामा राष्ट्रिय मापदण्ड अनुसार वृद्धि गरिने छ।

३५ विद्यालय सुचना प्रणाली मोबाइल एप निर्माण गरिने छ।खेलकुद विकासका लागि खेल मैदान निर्माण गर्न पहल गर्ने।

३६ विध्यालय पूर्वाधार साझेदार कार्यक्रम अन्तर्गत संचालन हुने कार्यक्रम न्यायोचित वितरण मा जोड दिदै विध्यालयहरूको भौतिक पूर्वाधारमा सुधारमा जोड दिईने छ।

३७ सिता नमुना मा वि मा यस गाँउपालिका वाट संचालन भइरहेको आवासिय छात्रवृति कार्यक्रमलाइ निरन्तरता दिइने छ।

३८ विद्यालय शिक्षकहरुलाई आधुनिक सूचना प्रविधि सम्बन्धी क्षामता अभिबृद्धी गर्न डिजिटल विध्यालय कार्यक्रम संचालन गरिने छ।

३९ विद्यालयमा सूचना तथा संचार प्रणालीको प्रयोग गरी विध्यालयको शैक्षिक गुणस्तर सुधार गर्न प्रत्येक विध्यालयमा ICT LAB स्थापना गरिने छ साथै विध्यालयहरूमा ईन्टरनेट जडान बैकल्पीक उर्जा कार्यक्रम मार्फत सोलार प्राणाली जडान गरिने छ ।

**स्वास्थ्य तर्फ**

४० सबैलाई स्वास्थ्यकार्यक्रमलाई विशेष प्राथमिकतामा राखिनेछ। अहिले वर्तमान परिवेशमा विपद जन्य महामारीलाई लक्षित गरी सोही अनुसारको कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिनेछ।

४१ खार्पूनाथ सामुदायिक अस्पतालको लागि आवश्यक पूर्वाधार निर्माणको लागि प्रकृया अगाडि बढाइनेछ। सेवा विस्तारमा जोड दिइनेछ।

४२ स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिन नविकरणको प्रक्रिया गाँउपालिका बाटनै गरिने। न्युनतम सेवा मापदण्ड तथा राष्ट्रिय चिकित्सा मापदण्ड अनुसारको स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पुर्वाधार औषधि औषधीजन्य सामाग्री औजार तथा उपकरणको यथोचित व्यवस्था गरिनेछ।

४३ सुन्य होम डेलिभरी को सुनिश्चितता गरी सत्केरी आमाका लागि थप प्रोत्साहानको व्यवस्था गरिनेछ। साथै पोषणको सुधारका लागि नियमित रुपमा पोषणको लेखाजोखा गरी कुपोषित

कर्ण वहादुर रावल
अध्यक्ष

वालवालिकाहरुका लागि पोषण कार्यक्रम संचालन गरिनेछ।

४४ स्वास्थ्य संस्थाको पहुच भन्दा बाहिर रहेका वस्तिहररुमा स्थापना भएका सामुदायिक स्वास्थ्य इकाइ निरन्तरता गरिने छ।

४५ संघ र प्रदेश संग समन्वय गरी माध्यमिक विद्यालयमा स्वास्थ्य कर्मीको ब्यवस्थापनमा विशेष पहल गरिने छ।

४६ यस आ व बाट गाँउपालिकाका सवै गर्भवती हरुलाइ बस्ती स्तरमै पुगेर निशुल्क भिडियो एक्सरे सेवा प्रदान गरिने छ । गर्ववति तथा सुत्केरी महिलाहरुलाइ अस्पताल पुर्याउन निशुल्क एम्बुलेन्स सेवा प्रदान निरन्तर गरिने छ।

४७ सुनौलो हजार दिनका विपन्न महिलाहरूको पोषण सुधारको लागी आयआर्जन कार्यक्रम संचालन गरिने छ।

**खानेपानी तथा सरसफाई**

**४८** सफा खानेपानी तथा पुर्ण सरसफाईका लागि विशेष ध्यान दिईनेछ।साथै गाउँपालिकाको समग्र खानेपानीको सरसफाइ तथा स्वच्छत क्षत्रको अवस्था सुनिश्चितता,विष्लेषणतथा योजनानिर्माणका लागिसवैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजान(SESWA) आगामिकार्यक्रम निरन्तरता दिईने।

४९ नेपाल सरकारको आगामी तीनवर्ष भित्र सबै जनतालाई आधारभूत स्तरको खानेपानी सुविधाउपलव्ध गराउने तथादिगो विकास लक्ष नं ६ बमोजिम सन् २०३० भित्रकुलजनसंख्याको ९५ प्रतिशतलाई स्वच्छखानेपानी सुविधा उपलव्ध गर्ने विशेष पहल गरिनेछ। साथै सरसफाइ अन्तर्गत यस गाँउपालिका भित्रका सम्पुर्ण वस्तीमा शौचालय सुधार कार्यक्रमका लागि विभिन्न निकायमा विशेष पहल गरिने छ।

५० सफा र शुन्दर गाउँपालिका निर्माणको लागी गाउँपालिकाले फोकर व्यवस्थापानको लागी फोहर डम्पीङ साईट पहिचान गरी फोहर संकलन तथा फोहर व्यवस्थापन गरिने छ।

**सस्कृति प्रवर्द्धन**

**५१** भाषा साहित्य कला र सस्कृति संरक्षण र सम्बर्द्धनमा विशेष ध्यान दिइनेछ।यससँग सम्बन्धित विभिन्न कार्यक्रमहरुसंचालन गरिनेछ। गाँउपालिकामा रहेका गुम्बा मठ मन्दिरहरुको पहिचान संरक्षण एंव सम्बर्द्धनका लागि जोड दिइनेछ।

५२ स्थानिय चाडपर्वलाइ विशेष मेला अवसरका रुपमा प्रवर्धन गर्न विभिन्न साँस्कृतिक महोत्सव गरिनेछ।

**लैङ्गिक समानता एंव समाजिक समावेशीकरण**

५३ लैगिक हिंसा विरुद्धको शुन्य सहनशीलताको नीति अवलब्मन गरिने छ। लैगिंक समानता र सामाजिक समावेशीकरण रणनीतिको अद्यावधिक गरी कार्यानवयनमा ल्याईने छ।

कर्ण वहादुर रावल
अध्यक्ष

गाँउपालिकाको नीति, कार्यक्रम र बजेटको लैगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण गर्न वार्षिकरुपमा व्यवस्था मिलाईने छ । समाजमा पछाडी परेका वर्ग समुदायको विकासमा मुलप्रवाहीकरणका लागी क्षमता विकासका कार्यक्रम र सशक्तिकरण गरि मुलप्रवाहीकरण गरिने छ।

५४ मानव वेचविखन घरेलु हिंसा बालश्रम छुवाछुत तथा सामाजिक कुरीतीको रुपमा रहेका प्रथाहरुको सबै पक्षहरुको सहयोगमा न्युनिकरणको प्रयास खोजिनेछ।

५५ खार्पुनाथ गाँउपालिकालाइ वालविवाह मुक्त गाँउपालिका घोषणा गरि सकेको अवस्थमा बालविवाह हुन नदिन थप सचेतना तथा जागरण कार्यक्रम संचालन गरिने छ। क्रमश वालमैत्री वडा घोषणा गर्दै आगामी ३ बर्ष भित्र पुर्ण वालमैत्री गाउँपालिका घोषणा गरिनेछ।

५६ महिला बालबालिका दलित अपाङ्ग जेष्ठ नागरिक असहाय र एकल महिलाहरुको सामाजिक सुरक्षा र मानव अधिकार सम्बन्धी सचेतना कार्यक्रम संचालनमा सामाजिक संघ संस्थाहरुलाई परिचालन गरिनेछ।

५७ मानव सुचाङ्कमा कमजोर रहेका दलित, गरिव, विपन्न तथा आर्थिक , सामाजिक र सास्कृतिकरूपमा पछाडि परेका माहिलाहरूको जिविकोपार्जन सुधार गरी आत्मनिर्भर बनाउन कार्यक्रम संचालन गरिने छ।

**गाउँसभा सदस्यहरु,**

**अब म पूर्वाधार विकास तर्फका क्षेत्रगतनीतितथाकार्यक्रम प्रस्तुत गर्न अनुमतिचाहान्छु।**

**पुर्वाधार तर्फ:**

५८. स्थानीय विकासको लक्ष्य हासिल गर्न स्थानीय पूर्वाधार सहयोग कार्यक्रम लगाएत अन्य कार्यक्रम संग समन्वय, सहकार्य र साझेदारीको अवधारणा मार्फत स्थानीय विकास निर्माण प्रक्रियामा सह-लगानी ( Co-Finance) को नीति अवलम्बन गरिने छ साथै स्थानीय पुर्वाधार विकास प्रक्रियामा सुधारियको विधि ( Improvement Modality ) अवलम्बन गरिने छ।

५९. पूर्वाधार विकासका आयोजनाहरु संचालन गर्दा लागत लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी "आयोजना बैंक" तयार गरिने छ र सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

६० गाउँपालिका क्षेत्र भित्रका बाटो, सिँचाइ कुलो, नहर, पुल, सार्वजनिक भवन लगायतका पूर्वाधारहरुको लगत सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS-V2) मा राखिने छ र पूर्वाधारहरुको नियमित मर्मत सम्भार तथा स्तरोन्नति गर्न गाउँपालिकामा रहेको मर्मत सम्भार कोषको व्यवस्थापन उच्चतम तवर गरिने छ। (नयाँ पालिकामाः मर्मत सम्भार कोषको स्थापना

कर्ण वहादुर रावल
अध्यक्ष

गरि यसको व्यवस्थापन उच्चतम तवर गरिने छ भन्ने बुंदा राख्ने)
६१. खापृनाथ गाउँपालिको यातायात गुरुयोजना Municipal Transport Master Plan (MTMP) निर्माण गरि कार्यान्वयनमा ल्याईने छ । सो अनुसार प्राथमिकरण गरिएका सडकहरुको विस्तार एवं स्तरोन्नति गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ अगाडी बढाईने छ । साथै, निर्माण भएका सडकहरुको लगत कट्टा गरि ब्यवस्थित गरिने छ ।

**सडक तथा पुल**

६२ खार्पूनाथ गाउँपालिकाको पाँच वर्षे आवधिक योजना निर्माण भइ कार्यान्वयन चरणमा रहेको र अन्यक्षेत्रगत गुरुयोजनाहरु एवं नीतिहरु आवश्यकता अनुसार तयार गरिनेछ ।
६३ स्थानिय पुर्वाधार सहयोग कार्यक्रम अन्तर्गत सुधारिएको उपभोक्ता समिति मार्फत गाँउपालिका भित्रका सम्पुर्ण निर्माण कार्य संचालन तथा सम्पन्न गराउन एकद्वार प्रणाली लागु गराउन पहल गर्ने ।

**भवन तथा सहरी विकास**

६४ निर्मित वडा कार्यालय र स्वास्थ्य चौकीहरु लाइ सुविधा युक्त वनाइने छ ।साथै विद्यालयहरुका भवन निर्माण गर्न आवश्यकता अनुसार उच्च प्राथमिकता दिइनेछ ।
६५ संभाव्य स्थानमा एकिकृत बस्ती विकासको कार्यक्रम संचालन पहल गरी ४ वर्ष भित्र सुरक्षित आवास पुरा गरिनेछ ।साथै गाँउपालिकाभित्रका सार्वजनिक सेवाप्रदायक सँस्थाको भवनतथा संरचनालाईव्यवस्थितगरिनेछ ।
६६ खार्पूनाथ गाँउपालिकाको प्रशासकिय भवन तथा ५ शैयाको अस्पताल निर्माण गर्न जग्गा प्राप्ती गर्न पहल गरिने छ ।
६७ नागरिकको सुरक्षित आवास निर्माण गर्न यसै आ.व. मा भवन मापदण्ड निर्माण गरी लागु गरिने छ ।
६८ सुरक्षित नागरिक आवस कार्यक्रमलाई निरन्तरता दिदै माटो तथा खरका छाना भएका घरहरूवाट माटो तथा घरका छाना विस्थापित गर्न जस्तापाता वितरण गरिने छ ।

**उर्जा लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत)**

६९ गाँउपालिकाभित्र वैकल्पिक उर्जा प्रयोगमा जोड दिइनेछ ।लघु जलविद्युत योजनाहरुको लागि विभिन्न सरोकारवालाहरु सँग साझेदारीमा जोड दिइनेछ
७० खार्पुनाथ गाँउपालिका भित्र सुचना सन्चारको पँहुच भन्दा बाहिर रहेका बस्तिका लागि 4G सहितको नेपाल टेलिकमको टावर स्थापना गर्न पहल गरिने छ ।
व्यवस्थित टेलिफोन तथा इन्टरनेट सेवाका लागि सम्बन्धित निकायहरुलाई ध्यानाकर्षण गराईनेछ । विकाससँग सञ्चार र सञ्चारसँगै विकासको अवधारणा आत्मसाथ गरिनेछ ।

कर्ण वहादुर रावल
अध्यक्ष

**गाउँसभा सदस्यहरु,**

**अब म वन,वातावरण र भुसंरक्षणतर्फका क्षेत्रगतनीतितथाकार्यक्रम प्रस्तुत गर्न अनुमति चाहान्छु ।**

**वातावरण तथा विपद व्यवस्थापन**

**वन तथा भु-संरक्षण जलाधार संरक्षण वातावरण संरक्षण जलवायू परिवर्तन**

७१ भुमि र वनक्षेत्रलाई संरक्षण र विकासका लागि वृक्षारोपण तथा भु-संरक्षणका कार्यक्रमहरु/क्रियाकलापहरु संचालन गरिनेछ ।साथै जडीबुटी खेतीलाइ जोड दिइनेछ ।

७२ दुर्लभ पशुपंक्षि एंव वन्यजन्तुको समुदायमा आधारित संरक्षण प्रणाली अबलम्वन गरिनेछ ।

७३ जलवायू परिवर्तन अनुकुलनका कार्यक्रमहरु संचालन गरिनेछ र जलवायूवाट सृर्जित सम्स्याहरूलाई समाधान गर्न तथा जैविकविविधताको संरक्षण गर्न जलषायू नमुना कार्यक्रम गरिने छ । हरित उत्थानशिल समावेशिकरण विकास र दिगोविकासका अवधारणलाइ ध्यानमा राखी विकास निर्माण कार्यमा विशेष जोड दिइनेछ ।साथै पानीका मुहान तालतलैया तथा कुलकुलेसाहरु संरक्षण तथा व्यवस्थित गरिनेछ ।कटान भएका क्षेत्र संरक्षण गर्ने कार्यलाई उच्च प्राथमिता दिइनेछ ।

७४. हरित पुर्नलाभ तथा समावेशि विकास पद्धति (GRID Approach) को पुर्ण अवलम्बन गरि पूर्वाधार विकासका आयोजनाहरु जलवायु उत्थानशिल, श्रम केन्द्रित, नतिजामूखि र दीगो रुपमा विकास गर्ने नितिलाई उच्चप्राथमिकताका साथ अवलम्बन गरिनेछ ।

७५. स्थानीय पूर्वाधार विकासका आयोजनाहरुको कार्यान्वयन गर्दा संभावित वातावरणिय जोखिम तथा प्रभावको अध्ययन गरिने छ । कम तथा मध्यम जोखिम भएको योजनाको कार्यान्वयन गर्दा जोखिम न्यूनीकरणका उपायहरुको अवलम्बन गरि कार्यान्वयन गरिने छ भने उच्च जोखिम भएका योजनाहरु कार्यान्वयन गरिने छैन । सामान्यतया स्थानीय पूर्वाधारका गतिविधिहरुको कार्यान्वयन गर्दा वायो– ईन्जिनियरिङ्ग प्रविधिको प्रयोग गरि गरिने छ । तर ठूला तथा गौरवकाआयोजनाहरुको लागि प्रारम्भिक वातावरणिय मूल्यांकन (IEA) तथा वातावरणिय प्रभाव मूल्यांकन (EIA) गरि गरिने छ ।

**गाउसभा सदस्वहरु,**

**अब म सुशासनतथा संस्थागतविकास तर्फका क्षेत्रगतनीतितथाकार्यक्रम प्रस्तुत गर्न अनुमति चाहान्छु ।**

**संस्थागत विकास तथा सेवा प्रवाह**

**मानव संसाधन तथा संस्थागत क्षमता विकास**

कर्ण वहादुर रावल
अध्यक्ष

७६ गाँउपालिकाको समग्र विकासका लागि विभिन्न तालिम गोष्ठी भ्रमण अध्ययन अनुसन्धान जस्ता कार्यहरुमा जोड दिइनेछ।

७७ स्थानीय सीप श्रोत साधन र क्षमताको अधिकतमा उपयोग गर्न विभिन्न सरोकारवाला संघ संस्थाहरुसंग साझेदारीमा विशेष जोड दिइनेछ।

७८ जनप्रतिनिधि तथा कर्मचीहरुको क्षमता विकासका लागि विभिन्न परियोजना कार्य र जिम्मेवारी दिइने छ।

७९. यस गाँउपालिकावाट प्रवाह हुने सेवा सुविधा प्रति नागरिकको सेवा प्रतिको सन्तुष्टि मापन गर्ने अभ्यास गरिने छ। साथै गाँउपालिका संग सम्बन्धित गुनासोहरुलाई सम्वोधन गर्न गुनासो संकलन, सुनुवाई र सम्वोधन गर्ने कार्यलाई व्यवस्थित गरिने छ।

८०. गाँउपालिकाको संस्थागत सुशासन र मानव संसाधन विकासका लागी राष्टिय तथा अन्तराष्टिय गैरसरकारी संघ सस्थाहरु संग सहकार्य गर्ने नीति लाई निरन्तरता दिईने छ।

८१ गाउँपालिकाको जनशक्ति व्यवस्थापनलाई प्रभावकारी र व्यवस्थित गरी सेवा प्रभाहलाई चुस्त दुरूस्त वनाउन यसै आर्थिक वर्षमा गाउँपालिकाको जनशक्तिको संगठन सर्भेक्षण तथा दरवन्दी एकीन गरी कार्यन्वयनमा ल्याईने छ।

**अनुमगमन तथा मुल्यांकन तर्फ**

८२. विकास निर्माण कार्यमा गुणस्तर कायम गर्न दक्ष जनशक्ति, स्थानीय श्रमिकको सहभागीता तथा अनुगमन र मुल्यांकन प्रणलीलाई थप प्रभावकारी वनाईने छ। नतिजामुलक अनुगमनका लागी वडास्तरिय एवं नगरस्तरिय अनुगमन तथा सुपरिवेक्षण समितिको दक्षता अभिवृदीका लागी अभिमुखीकरण कार्यक्रम सन्चालन गरिने छ।

**संस्थागत पूर्वाधार नागरिक वडापत्र तथा टोकन प्रणाली**

८३ गाँउपालिकाभित्र अपाङ्ग असहाय बालमैत्री र लैङ्गिकमैत्री पूर्वाधारहरुको निर्माण तथा मर्मत सुधार गरिनेछ।साथै तिनिहरुको लागि सेवाप्रवाहमा विशेष सहुलियत दिइनेछ।

८४ स्पष्ट र उपयोगी इलोक्ट्रोनिक/कम्प्युटराइज नागरिक वडापत्रको प्रयोगमा जोड दिइनेछ।

**सेवा प्रवाहमा विद्युतीय सुचना प्रविधीको प्रयोग**

८५ सेवा प्रवाहका सम्पूर्ण कार्यहरु कम्प्यूटर र इन्टरनेट प्रणाली मार्फत गरिनेछ।साथै सेवा प्रदायक र सेवाग्राहीहरु प्रविधिमैत्री बनाउन विभिन्न तालिम तथा संचारका कार्यक्रमहरु संचालन गरिनेछ।

८६ गाउँपालिकाको सम्पूर्ण कामकारबाही रसेवा प्रवाहलाई प्रविधिमैत्रि बनाउन स्मार्ट गाउँपालिका कार्यक्रम संचालन गरिने छ।

**वित्तिय व्यवस्थापन र सुशासन**

राजस्व परिचालन वित्तिय अनुशासन र वित्तिय जोखिम न्युनिकरण

कर्ण वहादुर रावल
अध्यक्ष

८७ संचित कोषबाट हुने तलबभत्ता लगायत सबै सरकारी भुक्तानी सम्बन्धीत व्यक्ति तथा संस्थाको बैङ्क खाता मार्फत मात्रै गरिनेछ।

८८ आर्थिक मितव्ययीतालाई जोड दिंदै सुशासन अभिवृद्धिमा जोड दिइनेछ ।साथै विभिन्न करका क्षेत्रहरु पहिचान गरी नियमानुसार राजस्व संकलन गरिनेछ। हालसम्म बक्यौदा रहेको मालपोत शुल्क बैंक मार्फत अनिवार्य असुल गरिने छ।

८९ लेखाङ्कन आन्तरिक लेखापरिक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली सार्वजनिक सुनुवाई सामाजिक परिक्षण अन्तिम लेखा परिक्षण तथा वेरुजु फछौंट र सुचना तथा संचार व्यवस्थापन प्रणालीको उपयोग गरिने छ।

९० गाँउपालिकाको आर्थिक कारोबारहरुको प्रचलित कानुनअनुसार चुस्त दुरुस्त लेखाङ्कन गर्न लागइने छ ।र नियमानुसार आ.ले.प र म.ले.प गरी वार्षिक क्रियाकलापहरु तथा आय व्यायको विवरण आर्थिक मसान्त सकिदा वित्तिकै यथासिघ्र सार्वजनिक सुनुवाई गर्ने व्यवस्था मिलाईने छ ।साथै बेरुजु र बेरुजु फर्छौटको विषयमा अति सम्बेदनशिलता अपनाइने छ।

माथि प्रस्तावित नीति तथा कार्यक्रमकोपूर्णकार्यन्वयन गर्न गाउँपालिका वासी, नागरिक समाज,बिभिन्न तहका सरकारका निकाय , निजि क्षेत्र गाउँपालिकाका जनप्रतिनिधिहरु र गाउँ पालिकाका कर्मचारीहरुको निरन्तर सहयोग, समन्वय र सक्रिय सहभागिताको अपेक्षा गर्दैहाल सम्म प्राप्त सहयोग र समन्वयका लागि हार्दिक धन्यबाद ज्ञापन गर्दछु। हार्दिक धन्यवाद सहित

**कर्ण बहादुर रावल**
**अध्यक्ष**
**खार्पुनाथ गाँउपालिका**
याङ्चुवजार हुम्ला

कर्ण वहादुर रावल
अध्यक्ष